स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



प्रथम गलबन्दी फिल्म एण्ड म्युजिक अवार्ड २०८१ सम्पन्न भएको छ। काठमाडौँमा सम्पन्न अवार्ड कार्यक्रममा सर्वोत्कृष्ट चलचित्र निर्देशकको अवार्ड महाजात्राबाट प्रदीप भ राईलाई दिइयो। सर्वोत्कृष्ट चलचित्रको गीतमा रुकुम मैकोटले हात पाऱ्यो भने सर्वोत्कृष्ट नायिका वर्षा सिवाकोटी र सर्वोत्कृष्ट नायकको अवार्ड विजय बराललाई प्रदान गरियो।

**आजको विचार...**



हामी...
*(दुई पेजमा)*

प्रा. देवीभक्त ढकाल



यस्तो लाग्छ जहाँ दिनेश डीसी त्यहाँ दीपकराज गिरी र जितु नेपाल। यी दुई अभिनेता डीसीलाई गुरु मान्छन्। डीसी बोर्ड अध्यक्ष हुँदा पनि यी दुई कलाकारलाई लड्डु खुवाउँदै गरेको बेला देखिएको थियो। डीसीलाई छेउमा राखेर मिडियाकर्मीले दीपक र जितुलाई कहिले मिल्ने भन्दै प्रश्न वर्षाए। आफूहरुलाई अहिले पनि सँगै फिल्म गर्न प्रस्ताव आइरहेको बताउँदै दीपकले जितुसँग फिल्म गर्न आपत्ति नहुने जवाफ दिएको बताए।

❒ वर्ष ३० ❒ अंक १८६ ❒ २०८१ माघ १६ गते बुधबार 29 January 2025, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### प्लेटफर्म भत्किँदा ५ को मृत्यु

**(रासस/सिन्ह्वा)**

**लखनऊ (भारत),** माघ १५/उत्तरी भारतमा मङ्गलबार धार्मिक जमघटका क्रममा काठको प्लेटफर्म भत्किँदा कम्तीमा पाँच भक्तजनको मृत्यु भएको र ४० जना घाइते भएको एक अधिकारीले बताएका छन् । यो घटना राजधानी नयाँदिल्लीको उत्तरमा रहेको बागपत जिल्लामा भएको हो । त्यहाँ जहाँ जैन धर्मका सयौँ भक्तजन मिठाई चढाउन एक मन्दिरमा भेला भएका थिए । 'एउटा काठको संरचना भत्किँदा पाँच जनाको मृत्यु भएको छ', जिल्ला प्रशासक अस्मिता लालले भने, 'अन्य ४० जना घाइते भएका छन्, तीमध्ये २० जनालाई प्राथमिक उपचारपछि घर पठाइएको छ ।' जैन देवता आदिनाथको मोक्षको स्मरणमा हरेक वर्ष यस पर्वको अवसरमा यो प्लेटफर्म निर्माण गरिने एनडिटिभी समाचार नेटवर्कले जनाएको छ ।

## मखन सडक खाना महोत्सव

# 'तानसेन जाऔं सडकमा खाऔं, सडकमै रमाऔं'

**रामचन्द्र रायमाझी**

**पाल्पा,** माघ १५/स्थानीय कला संस्कृतिको प्रवर्द्धन, संरक्षण र आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले विगतका वर्षमा जस्तै यस वर्ष पनि तानसेन नगरपालिका-४ मखनटोल विकास संस्थाले छैठौं 'मखन सडक खाना महोत्सव-२०८१' गर्ने भएको छ । टोल विकास संस्थाले तानसेन नगरपालिका -४ वडा कार्यालयको सहयोगमा फागुन २ गते प्रणय दिवसको अवसरमा मखनटोलमा खाना महोत्सव गर्न लागेको हो ।

'तानसेन जाऔं, सडकमा खाऔं, सडकमै रमाऔं' भन्ने नारासहित एक दिने फुड फेष्टिवल आयोजना गर्न लागिएको संस्थाले मंगलबार पत्रकार सम्मेलन गरी जानकारी गराएको छ । महोत्वसमा विभिन्न जातजातिका खानाका परिकार पस्किने कार्यक्रम संयोजक तथा संस्थाकी निवर्तमान अध्यक्ष प्रमिला कार्कीले बताइन् । उनले भनिन् 'फुड फेस्टिबलमा छिमेकी जिल्लाहरुबाट आन्तरीक पर्यटक भित्राउने लक्ष्य समेत हाम्रो छ ।' स्थानीय खानाको संरक्षण गर्ने, खानाको स्वाद आन्तरिक तथा बाह्य पर्यटकलाई चखाउनुको साथै तानसेनमा पर्यटकहरुलाई भित्र्याउने, महिलाहरुमा रहेको अन्तरनिहित नेतृत्व क्षमतालाई उजागर गर्ने, अन्य टोलविकास संस्थाहरुसँगको सम्बन्धलाई सुमधुर बनाउने, महिला उद्यमीहरुबाट उत्पादित कुटीर तथा घरेलु उद्योगबाट बनेका समाग्रीहरुको प्रदर्शनी तथा विक्री गर्ने संस्थाकी अध्यक्ष ज्ञानु कार्कीले बताइन् । महोत्सवले यस क्षेत्रको पर्यटन विकास, कला संस्कृति र मौलिक खानपान परिकारको प्रचार-प्रसारका साथै बजारीकरण लगायतमा टेवा पुग्ने विश्वास लिइएको उनले बताईन् । अध्यक्ष कार्कीले प्रणय दिवसलाई थप रौनकतापूर्णक मनाउनका लागि पनि महोत्सवमा विभिन्न जातजातिका भेषभूषाहरुको पहिचान झल्किने गायन र नृत्यहरु, स्थानीय लाखे नाँच, स्थानीय धिमे बाजा, भजन र कला केन्द्रहरुको प्रस्तुती रहनुको साथै राष्ट्रिय तथा स्थानीय कलाकारहरुको बेजोड प्रस्तुती समेत रहने बताइन् । पत्रकार सम्मेलनमा वडा अध्यक्ष हेमन्तराज शाक्यले तानसेनको कला संस्कृति र पर्यटन प्रवर्द्धनका लागि बजेट विनियोजन गरि कार्यक्रम गर्न लागिएको बताए । उनले विगतका महोत्सव भन्दा यस वर्ष फरक हुने उल्लेद गरे । सडक खाना महोत्सवका लागि दुई लाख बजेट विनियोजन भएको छ । पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले संकटबाट गुज्री रहेका तानसेनमा सञ्चालित होटलहरुलाई महोत्सवमा प्राथमिकता दिन सकेमा महोत्सवले सार्थकता प्राप्त गर्न सक्ने बताए । उनले महोत्सव सफल बनाउन पाल्पाली पत्रकारहरुको पूर्ण सहयोग रहने प्रतिवद्धता व्यक्त गरे । महोत्सवमा विभिन्न क्षेत्रका ६० वटा स्टल रहने छन् । कार्यक्रममा सहभागी हुन कुनै पनि प्रबेश शुल्क लाग्ने छैन । महोत्सव विहान १० बजेदेखि साँझ १० बजेसम्म रहने जनाइएको छ । शित्तलपाटीदेखि हुलाकचोकसम्म स्टल रहने छन् । पत्रकार सम्मेलन कार्यक्रम संस्थाकी अध्यक्ष ज्ञानु कार्कीको अध्यक्षता, सचिव कल्पना भट्टराईको सञ्चालनमा भएको थियो ।




## कर्मचारी आवश्यकता

नवजनचेतना दैनिकका लागि निम्न कर्मचारीको आवश्यकता परेको हुनाले इच्छुक योग्य नेपाली नागरिकबाट रितपूर्वकको दरखास्त आह्वान गरिन्छ ।

**१. पद :** लेखापाल, संख्या : एक जना
योग्यता : +२ उत्तीर्ण वा स्नातक अध्यायन गरेको
**२.पद :** कम्प्युटर अपरेटर
संख्या : एक जना
योग्यता : +२ उत्तीर्ण (फोटोसफ, पेजमेकर, इनडिजाइन तथा कम्प्युटरमा दक्षलाई विशेष प्राथमिकता)
**३.पद :** बजार प्रतिनिधि
संख्या : केही
योग्यता : +२ उत्तीर्ण
तलव : नियम अनुसार
आवेदन दिने अन्तिम मिति : २०८१/१०/२० गते सम्म ।
आवेदकले आफ्नो बायोडाटा सहित कार्यालयमा सम्पर्क गर्नुहोला ।
(बाइक, स्कुटीको लाइसेन्स भएका तथा अनुभवीलाई प्राथमिकता)

**कैलाशनगर मिडिया प्रा.लि.**
**(नवजनचेतना दैनिक)**
भगवतीटोल, तानसेन, पाल्पा
E-mail : njdnews@gmail.com




# 'वर्तमान सरकारले जनतामा आशा जागेको छ'

**गुल्मी,** माघ १५/नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उपमहासचिव प्रदीप ज्ञवालीले वर्तमान सरकारले नागरिकमा आशा र भरोसा जगाएको बताएका छन् । देशले छोटो समयमा धेरै उपलब्धि हासिल गरेको उल्लेख गर्दै उनले देशमा सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रण गर्ने काममा सरकारले महत्वपूर्ण काम गरेको बताए ।

प्रेस चौतारी नेपालले मंगलबार सदरमुकाम तम्घासमा आयोजना गरेको पत्रकार सम्मेलनमा ज्ञवालीले दुई ठूला पार्टी जुन उद्देश्यका साथ सरकारमा आएका छन् त्यो उद्देश्य पूरा गर्ने काममा लागिपरेको बताए । उपमहासचिव ज्ञवालीले पछिल्लो समयमा केही विपक्षी दलका नेताले चरम निराशाको खेती गरेर देशलाई राजनैतिक अस्थिरतातर्फ लैजान खोजेको आरोप लगाए । उनले सरकारबाट बाहिरिएपछि केही नेताले हतास, आवेग र कुण्ठामा जनतामा यस्ता निराशाका भाष्य निर्माण गर्ने काममा उद्यत बनेको टिप्पणी गरे । उनले बिग्रिएको राजनीतिक अस्थिरतालाई अन्त्य गर्न, ओरालो लागेको देशको अर्थतन्त्रलाई माथि उकास्न, देशमा सुशासन कायम गर्दै मुलुकमा राजनीतिक स्थायित्व प्रदान गर्न वर्तमान सरकार गठनको आवश्यकता परेको बताए । उपमहासचिव ज्ञवालीले पछिल्लो समयमा देशको राष्ट्रिय स्वाधीनता र लोकतन्त्रको रक्षाका लागि सँगै लडेका दुई ठूला पार्टीहरुले सरकारमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै गएको बताए । डेढ वर्षसम्मको अस्थिर राजनीतिक अवस्थालाई राजनीतिक स्थायित्व सिर्जना गर्ने, अर्थतन्त्रलाई गतिशील बनाउने र जनतामा देखिएको निराशाको बादललाई हटाउँदै लोकतन्त्रप्रति जनतामा भरोसा जगाउने काममा सरकार क्रियाशील बनेर लागेको नेता ज्ञवालीले बताए । -*रासस*



पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना

# सम्पादकीय

## सहिद दिवसको औचित्य

माघ १६ आज सहिद दिवस । देश, जनताको हित र अधिकारका लागि जीवन त्याग गर्ने सहिदप्रति सम्मान गर्दै देशभर दिवस मनाउन लागिएको छ । २००७ सालमा प्रजातन्त्रको स्थापना भएपछि माघ १६ गते सहिद दिवस मनाउँदै आइएको छ । राणा शासनको अन्त्य गरेर प्रजातन्त्रको स्थापना गर्न, निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य गरी प्रजातन्त्रको पुन:स्थापना गर्न, राजतन्त्रको निरङ्कुशताको अन्त्य गरी संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्नका लागि सहिदहरुको योगदान र बलिदान अत्यन्त महत्वपूर्ण छ । मुलुकको स्वतन्त्रता, स्वाधीनता, लोकतन्त्र, जनअधिकार स्थापित गर्दै समृद्ध मुलुक निर्माणका खातिर हरेक ऐतिहासिक कालखण्डमा नेपाली वीर सपुतहरुले आफ्नो ज्यानको उत्सर्ग गरेका छन् । आफ्नो ज्यानलाई सुलीमा चढाएर स्वतन्त्रता, समानता र सार्वभौमिकताका निम्ति अविचलित यात्रामा संघर्ष गर्दागर्दै आफ्नो देह त्यागेका तिनै वीरहरुको सम्मान र सम्झनाको पवित्र दिन हो सहिद दिवस । तर ब्यवहारमा सहिदले देखाएको मार्ग अनुशरण नगर्ने तर देखाउनैका लागि बर्षमा एकपटक सम्झेजस्तो गर्ने प्रवृत्तीले सहिद दिवस औपचारिकतामा सीमित हुने गर्दछ । पछिल्ला वर्षहरुमा हरेक सरकार परिवर्तनसँगै सहिद घोषणा गर्ने राजनीतिक विकृतिले सहिदको सम्मानमा केही आँच आएको पक्कै हो ।

सरकारको घोषणालाई जो कोहीलाई पनि सहिद मान्नुपर्ने र राज्यको पहुँचमा नपुगेकाहरु जस्तोसुकै बलिदानी आन्दोलनमा मारिंदा पनि सहिद नमानिनु गलत हो । शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द र गङ्गालाल श्रेष्ठलाई आजको दिन सबैले सम्झन्छन् । तर पछिल्लो समय सहिद दिवस केवल औपचारिकतामा सीमित हुन थालेको छ तर, यस्तो दिवसलाई केवल परम्परा धान्ने वा औपचारिकतामा मात्र सीमित राख्नु बिडम्बना हो । यस्ता अवसरलाई सहिदले देखाएको बाटो र दिशातर्फ इमानदारीका साथ अग्रसर हुने प्रतिबद्धता जनाउने अवसरको रूपमा लिन सक्नुपर्छ । ती महान् आत्माहरूको सपना साकार पार्न इमानदार हुने अठोट गर्न सक्नुपर्छ । यसो हुन सकेमा मात्र सहिद दिवस मनाउनुको सार्थकता र औचित्य रहन्छ ।


### Opinion @ Social Network

बिस्तारै सबै कुराको रहर हरायो र एक्लोपन नै रमाइलो लाग्न थाल्यो ।
दिपक बरालको *फेसबुकबाट*; *https://www.facebook.comDeepak.Baral*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।
**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# हामी नेता बन्दैनौं : भ्रष्टहरूलाई नेता मान्दैनौं



## प्रा. देवीभक्त ढकाल

प्रस्तुत शीर्षकले लेखको अन्तर्यलाई मात्रै होइन सम्पूर्ण नेपालीको भावनालाई समेत प्रकटीकरण गरेको छ । यो स्तम्भकारको विचार, सिद्धान्त आदिको सार्वजनिक प्रचारका लागि उपयोगमा ल्याउने पदावली नभएर सेवा निवृत्त साथै आमनेपालीले यसको मर्मलाई आत्मसात गर्नुपर्ने विषय हो । भ्रष्टहरूलाई राजनीतिबाट विस्थापित गर्ने रणनीतिक अपिल हो । हामी नेता बन्दैनौं, भ्रष्ट नेताहरू र तिनका आसेपासेलाई नेता किमार्थ मान्दैनौं भन्ने कार्ययोजना प्रारम्भ गर्दैगर्दा यसलाई विषेशत: विभिन्न पेशाबाट सेवा निवृत्त र आमनागरिकले यसको अपनत्व लिनैपर्छ । कुनै पनि कार्यक्रम, आन्दोलन र सरकारको सफलताको मूलमन्त्र नै व्यापक जनसहभागिता र जनसमर्थन हो । नेपाली राजनीतिको दुर्भाग्यपूर्ण पक्ष भनेको नेतृत्वमा हुनेले राष्ट्रिय स्वार्थलाई पूर्णत: बेवास्ता गरे । व्यक्तिगत, नातागत, गुटगत र पार्टीगत स्वार्थलाई उच्च प्राथमिकता दिए । परिणामस्वरूप सबै पार्टीहरूको नेतृत्व चरम अलोकप्रिय, आलोचित र बदनाम छ । दशकौंदेखि पार्टीहरू कब्जा गरेर बसेका सबै भ्रष्ट नेता, भ्रष्टका आसेपासे र वैशाखीलाई आगामी निर्वाचमा राजनीतिबाट विस्थापित गर्ने रणनीति आलेखको मुख्य विषय हो । जीवनको उत्तरार्धमा रहेका 'रिटायर्ड बट नट टायर्ड' सेवा निवृत्तहरूको एकमात्र चाहना जीवनको उत्तरार्धमा भए पनि सुशासन, विकास र समृद्धिको बाटोमा राष्ट्र हिँडोस् भन्ने हो । सेवा निवृत्त व्यक्तिगत स्वार्थबाट मुक्त प्राय: भएको अवस्थामा हुन्छन् । तसर्थ राष्ट्रिय स्वार्थलाई नि:सन्देह प्रतिनिधित्व गर्छन् । अहिलेको नेतृत्वको व्यक्तिगत, नातागत, गुटगत र पार्टीगत स्वार्थमात्र प्राथमिकतामा छ । राष्ट्रिय स्वार्थ प्राथमिकतामै नहुँदा देश दिनानुदिन प्राय: सबै क्षेत्रहरूमा भास्सिएको विषय तथ्यांकले प्रमाणित गर्दछन् । तसर्थ राष्ट्रिय स्वार्थलाई एकमात्र प्राथमिकतामा राख्ने नेतृत्व आजको आवश्यकता हो । सेवा निवृत्तहरूको जीवनभर प्रजातान्त्रिक आन्दोलनमा गरेको संघर्ष, जवानीमा गरेको लगानीसमेत व्यर्थै खेर गएका कारण जीवनको उत्तरार्धमा रहेको सेवा निवृत्त समुदाय देशको खस्कँदो परिस्थितिलाई कसरी उठाउने भन्ने चिन्तामा छ । हिजो हामीले राजनीतिक परिवर्तनका लागि गरेको संघर्ष र लगानी शेरबहादुर, रामचन्द्र आदिका महल बनाउन, उनीहरूको परिवार, नातागोता, ज्वाइँ, सम्धी आदिको ऐसआराम, भोगविलासका लागि गरेको होइन नकि पुष्पकमल दाहाल, खड्ग ओली लगायतलाई ऐस, आराम भोगविलासको नमुनाका रूपमा रहेका लाखौं, करोडौंका घडी, कार र टावरहरूको मालिक बनाउन र तिनका छोरी श्रीमतीहरूलाई तीसौं लाखको इटालियन ब्राण्डको गुचीको ब्याग र अन्य उपभोग्य वस्तुहरूको उपभोग गर्न त्यो बलिदान र लगानी किमार्थ गरेको होइन । हालै पुष्पकमल दाहालले अहिले सरकारको नेतृत्व गरिरहेकाहरूले आफैंमाथि भ्रष्टाचारको अनुसन्धान गरेर देखाउन चुनौती दिएका छन् । विलासी जीवन, ठेकेदारहरूसँगको नाजायज सम्बन्ध र माओवादी लडाकुहरूको पारिश्रमिक घोटालाको विषयमा उनले आफू सरकारमा हुँदा आफैंमाथि अनुसन्धान गर्न अख्तियारलाई आदेश दिन किन सकेनन् ? आफैंलाई हतकडी लगाउने काम यिनीहरूबाट किमार्थ हुँदैन । पहिल्यै आफूलाई चोखो प्रमाणित नगरिकन अर्कालाई दोषारोपण गर्नु भनेको जनतालाई ठग्नु हो । पुष्पकमल दाहालको अर्थमन्त्रीमा वर्षामान पुन र ओलीको अर्थमन्त्रीमा विष्णुप्रसाद पौडेल नै सधैं किन हुन्छन् ? यस्ता नियुक्तिहरूको अन्तर्य बारे जनता अब अनभिज्ञ छैनन् । भ्रष्टाचार र अनियमितताका विषयबाट जनतालाई विषयान्तर गरेर फेरि लुटको धन्दा मच्चाउन यिनीहरू सत्ताबाहिर हुँदा वा सत्तामा रहँदा पनि जनताको आँखामा धुलो छर्कन प्रयत्नरत छन् । सत्तामा हुँदा वा नहुँदा जनताको आँखामा धुलो छर्कने, व्यक्तिगत स्वार्थ पूरा गर्ने, तिनका पिछलग्गु समेतलाई अब राजनीतिको मैदानबाट विस्थापित गर्ने योजना, रणनीतिको तर्जुमाका लागि घच्घच्याउने मात्रै होइन स्पष्ट कार्यक्रम, कार्यदिशा बनाउन सेवा निवृत्त र आमनेपालीका तर्फबाट गरिएको यो अपिल हो । हिजो पार्टीहरूलाई नि:स्वार्थ अहोरात्र सहयोग गर्ने कार्यकर्ता र शुभचिन्तकलाई आफू गरिब भएको चिन्ताले यो कार्यक्रमको सोच बनेको होइन । नेपालीहरू दिनानुदिन कँगाल हुँदै गएकाले उत्पन्न चिन्ताको यो प्रकटीकरण हो । देशलाई धनी बनाउने भनेर राजनीति गरेकामध्ये अहिले पार्टीहरूमा र सरकारमा नेतृत्व लिने सबैको भित्री नियत थाहा भयो । यिनीमध्ये कसैले पनि देश र जनताको हितका खातिर राजनीति गरेका रहेनछन् । आफू र आफ्नालाई सम्पन्न बनाएर सुखसयल, भोगविलास गर्न सकिन्छ भन्ने सोच, चिन्तन, दृष्टिकोण भएको विषय अब लाञ्छना नभएर यिनीहरूको विलासी जीवनशैली र व्यवहारले प्रमाणित गरेको विषय हो । युवाहरू बेरोजगार भएकोमा, विदेश भास्सिन बाध्य भएकोमा, देश परनिर्भर भएकोमा, देशमा चुलिएको वैदेशिक ऋण र अक्कासिने क्रममा रहेको वैदेशिक व्यापार घाटाका सबै तथ्य र तथ्यांगको अध्ययन, विश्लेषण गर्न जान्ने र सक्ने यो अनुभवले खारिएको सेवानिवृत्त समुदायको विशेष चिन्ताले यो अभियान सुरुवात भएको हो । सेवा निवृत्त समुदायमा विश्व राजनीति साथै विश्वका गरिब देशहरू सम्पन्न कसरी भए भन्ने ज्ञान छ । हिजो हामीभन्दा विपन्न मुलुक आज हामीभन्दा सम्पन्न भए । हामी विपन्न हुने बाटोमा किन र कसरी लाग्यौं भन्ने एकमात्र चिन्ताले यस समुदायलाई घचघच्याएको हो । फेरि आफ्नो जीवनकालमा देश विकास, समृद्धि, सुशासनको क्षेत्रमा पूर्णत: असफल भ्रष्टाचारका कारण भएको हुँदा संसारबाट बिदा हुँदासमेत देशको गरिबी, अभाव र विपन्नताको विषयमा चिन्ता गर्दै परमधाम जानुपर्ने अवस्था भ्रष्टलाई विस्थापित गर्दा सच्चिन्छ भन्ने आत्मविश्वासका साथ सुरु हुने यो अभियानमा हामीबीच ककसले कुन पार्टीमा पसिना बगायौं भन्दा पनि एउटा होइन सबै पार्टीहरूका नेताहरू सबै असफल भए भन्ने निष्कर्षले सबैलाई आन्दोलित बनाएको छ । राजनीतिलाई बदनाम गर्ने वर्तमान भ्रष्ट नेतृत्व, तिनका आसेपासे, ढोकेबैठकेलाई राजनीतिबाट विस्थापित गरेर नैतिकता, इमानदारी, इन्टिग्रिटी भएकालाई देश बनाउने जिम्मेवारी यदि दिन सकेनौं भने नेपाल, नेपालीको भविष्य अझै अन्धकार हुन्छ । अँध्यारो भविष्यलाई पन्छाउने उज्यालो भविष्य निर्माणमा नागरिक समाज खासगरी सेवा निवृत्त विशेषत: बौद्धिक वर्ग लाग्नुपर्छ भन्ने सोचबाट यो अभियान लक्षित छ । सेवा निवृत्तलाई सत्ताको लोभ छैन । सत्तामा भ्रष्टहरूलाई जान नदिने यो सबै पार्टी सम्बद्ध सेवा निवृत्तहरूलाई एकीकरण गर्ने अभियानले भ्रष्टाचारको अन्त्य र सुशासन, विकास र समृद्धिको भरपर्दो पूर्वाधार बन्छ भन्ने विश्वास छ । भ्रष्ट पालैपालो सत्तामा जाने र भ्रष्टाचार गर्ने प्रवृत्तिविरुद्ध आक्रमक रणनीति र कार्ययोजनाको खाका कोर्ने योजना, त्यसको कार्यान्वयन समयको माग साथै जनताको चाहना हो । जनतालाई खेलौना बनाउने, भ्रष्टाचार गरेर सम्पत्ति थुपार्नेहरूबाट राजनीतिमा हुँदै आएको हालिमुहालीलाई विस्थापित गर्ने एकमात्र एजेण्डामा अब आन्दोलन केन्द्रीकृत हुनुपर्छ । अब अति भयो । भ्रष्टहरूका कारण खति धेरै भयो । पर्खने, परीक्षण गर्ने, धैर्य गर्ने समय अब छैन । भ्रष्ट, अनैतिक, तस्कर, सुनचोर, जग्गा दलाल, सहकारी ठगलगायत अनगिन्ती विकृति, विसंगतिहरूको नेतृत्व गर्ने सबै पार्टीहरूका नेतृत्वमा रहेका, तिनका वैशाखीलाई अब आउने निर्वाचनमा विस्थापित गरिएन भने जनताका थप दुर्दिन सुरु हुन्छन् । भोलिको कार्यक्रम र योजना बनाउने अभियानको खाका तयार गर्ने र त्यसमा गहन छलफलमा सहभागी हुने वातावरण निर्माणमा सेवा निवृत्तलगायत सबै नागरिकको योगदान, चिन्तन र चिन्ताको विशेष महत्व छ । सुन्दर नेपालको उज्ज्वल भविष्य निर्माणमा सबै सेवा निवृत्तहरूले उत्तरार्धको बाँकी ऊर्जा प्रयोग गरौं । देश, समाजले उन्नति, प्रगति, सुशासनको बाटो अख्तियार गरेको बाँच्नेहरूले उपभोग, संसारबाट बिदा हुनेहरूले सुखद् नुभूतिको वातावरण निर्माण गरौं । पार्टी र कार्यकर्तालाई सबै पार्टीहरूको भ्रष्ट नेतृत्वले भ्रष्टाचार गर्ने लिस्नो बनाए । विधिद्वारा शासन गर्ने नेतृत्वलाई लिस्नो निर्माण गर्ने र अब भ्रष्टलाई सिस्नो लगाउने यो अभियानको गन्तव्य हो । भ्रष्टलाई राजनीतिबाट सधैंका लागि विस्थापित गर्दै सक्षम, नैतिकवान, इमानदाररुलाई सत्ता हस्तान्तरण गर्ने यो अभियानमा सबै स्वस्फूर्त रूपमा सक्रिय सहभागी बनौं । त्यसका लागि योजना, कार्यक्रम बनाउने प्रारम्भिक कार्ययोजना बारे आफ्नो अभिमत व्यक्त गरौं । भ्रष्टलाई राजनीतिबाट विस्थापित गर्ने र तिनीहरूलाई कानुनी कठघरामा उभ्याउने काम गर्ने बहादुर जन्माउन पार्टीको सीमा रेखाबाट माथि उठौं र पार्टी निर्माणमा भन्दा देश निर्माणलाई प्राथमिकता दिने चरित्र युवामा विकास गरौं । अहिलेसम्म बाहिर द्वन्द्व गरे झैं गर्ने तर भित्रभित्रै आआफ्नो दुनो सोझ्याउन खप्पिस पुष्पकमल, खड्गप्रसाद, रामचन्द्र र शेरबहादुरलाई मात्रै राजनीतिबाट विस्थापित गर्दैमा भ्रष्टाचारको अन्त्य हुँदैन । यिनीहरूलाई जबर्जस्त साथ दिने र भोलि भ्रष्टाचारको सपना देख्ने यिनका पिछलग्गु र वैशाखीहरूको समेत जरो नउखेलिकन भ्रष्टहरूलाई नेता मान्दैनौं भन्ने अभियान सफल हुँदैन । अहिले यिनीहरू, यिनीहरूलाई साथ दिनेहरू वास्तवमा नेपाली जनताका शत्रु हुन् । सबैलाई राजनीतिबाट ढ्याग्रो ठोकेर धपाउने र जबर्जस्त कार्यक्रम सञ्चालन गरेर २०८४ को निर्वाचनमा यिनीहरूको पत्तासाफ गर्ने योजना यदि बनेन भने फेरि पाँच वर्ष यिनीहरूद्वारा हुँदै आएको भ्रष्टाचार, कुशासनले निरन्तरता पाउँछ । पार्टीको आडमा भ्रष्टाचार गर्ने नेतृत्व र भ्रष्टाचार गर्न सहयोग गर्ने पार्टी पद्धति हामीलाई चाहिँदैन । सधैं देशलाई भ्रष्टहरूको क्रीडास्थल बनाउन अब पाइँदैन भन्ने नारालाई अक्षरस: पालना गर्दा यसले निश्चित रूपमा गन्तव्य निर्धारण गर्छ । प्रत्येक निर्वाचनले नेतृत्व फेर्ने सिद्धान्त र कार्यक्रम अनुसार बहुदलीय व्यवस्थामा आवधिक निर्वाचनपछि नयाँ नेतृत्व जन्मने मान्यता छ तर नेपाल र नेपालीको दुर्भाग्य यहाँ चार दशकसम्म एउटै व्यक्तिले लगातार पार्टीको नेतृत्व लिंदा पनि ऊ अघाउँदैन । यही व्यक्ति पाँचौं, छैटौंपटक फेरि भ्रष्टहरूकै मिलोमतोमा पुन: प्रधानमन्त्री हुन्छ । एकछत्र भ्रष्टाचार गर्छ । यस अवस्थाबाट नेपाली राजनीतिलाई मुक्त गर्ने माध्यम नै भ्रष्टहरूलाई विस्थापित गर्ने योजना हो । यस अभियानका माध्यमले राजनीतिलाई सुधार्नुपर्छ र सुधार्न सकिन्छ भन्ने विश्वासको सिर्जना नै यस अभियानको लक्ष्य र गन्तव्य हो । नेपालीको भाग्य र भविष्यलाई सधैं होली खेल्ने भ्रष्टहरू र यिनका अवशेषलाई विस्थापित गरेर समुन्नत नेपालको खाका कोर्ने अभियानमा जुटौं । सेवा निवृत्त आफैं नेता बन्न यो अभियान सुरु भएको होइन । यो भ्रष्ट नेताहरूको जरो उखल्ने र देशमा गिदी भएको नेतृत्वद्वारा विधिको शासन प्रत्याभूत गर्ने अभियानसँग नेपालीको भाग्य, भविष्य गाँसिएको छ । सुशासन, विकास र समृद्धिको बाधक भ्रष्ट नेता हुन् । भ्रष्टहरूलाई राजनीतिबाट विस्थापित नगरीकन देश किमार्थ बन्दैन तसर्थ हामी आगामी निर्वाचनमा यी भ्रष्टलाई मतदान गर्दैनौं किनकि हामी अब भ्रष्टहरूलाई नेता मान्दैनौं ।

*-इहिमालय टाइम्स डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : शत्रुहरू किनारा लाग्नेछन्। प्रतिस्पर्धामा पनि विजयी भइनेछ। | **तुला** : आलस्य गर्दा अवसर गुम्न सक्छ। खर्चको मात्रा पनि बढ्ने देखिन्छ। |
| **बृष** :अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्दा लक्ष्य प्राप्त गर्न विलम्ब हुनेछ। | **बृश्चिक** :लाभ हुने काम प्रारम्भ गर्ने समय छ। साझेदारीमा राम्रो फाइदा हुनेछ। |
| **मिथुन** :योजना गोप्य राखेर अघि बढ्नुहोला। काम बिग्रन सक्छ। | **धनु** :कामको सन्दर्भमा विशिष्ट व्यक्तित्वहरूसँग मित्रता बढ्नेछ। |
| **कर्कट** :अनुकूल समय छ। सहयोगीहरूले राम्रो साथ दिनेछन्। | **मकर** :जिम्मेवारी भने बढिरहनेछन्। बाध्यताले अप्ठ्यारोमा पार्न सक्छ। |
| **सिंह** : अरूको भरपर्दा काम रोकिन सक्छ। योजना कार्यान्वयन नहुन सक्छ। | **कुम्भ** :अप्ठ्यारोमा पनि काम बन्नेछन्। प्रयत्न गर्दा समयको सदुपयोग हुनेछ। |
| **कन्या** :पारिवारिक जमघटमा मन र माउनेछ। भेटघाटले नोक्सान हुनसक्छ। | **मीन** : व्यवसायमा लाभ हुनेछ। व्यावसाय विस्तारका लागि यात्रा पनि हुनेछ। |

कला मनोरञ्जन

# 'लोकतान्त्रिक सांस्कृतिक अभियान' गर्दै विमलराज क्षेत्री



लोकप्रिय गायक विमलराज क्षेत्रीले देशभर सांगीतिक कार्यक्रम गर्ने भएका छन् । 'विमलराज क्षेत्री लोकतान्त्रिक सांस्कृतिक अभियान' नाम दिइएको कार्यक्रम नेपाल सांस्कृतिक महासंघले आयोजना गर्न लागेको हो । महासंघले बुढानिलकण्डस्थित लेवन ट्री होटलमा एक कार्यक्रमको आयोजना सहित अभियानको विभिन्न पक्षबारे जानकारी दियो । कार्यक्रममा महासंघका अध्यक्ष तीर्थ बहादुर थापाले नेपाली कांग्रेसले गरेका क्रियाकलाप, उपलब्धि, सामाजिक रूपान्तरका महत्त्वपूर्ण घटनाहरू र भावी योजना देशभरका जनतासमक्ष पुर्याउन 'विमलराज क्षेत्री लोकतान्त्रिक सांस्कृतिक अभियान' सुरु गर्न लागेको बताए । 'नेपाली कांग्रेसले यो देशका लागि गरेको जति महत्त्वपूर्ण काम र गतिविधि अन्य कुनै पार्टीको छैन । ती सबै कामको जानकारी जनतामाझ पुग्न सकेको छैन र अन्यले भ्रम पार्ने काम गरिरहेका छन्', थापाले भने, 'सांगीतिक माध्यमबाट ती सबै गतिविधि जनतामाझ अब पुग्छ ।' नेपालको महत्त्वपूर्ण अभियान र परिवर्तनमा नेपाली कलाकर्मीको महत्वलाई नेपाली कांग्रेसले सधैं आत्मसात् गर्दै आएकोले पनि कांग्रेसका विषयमा जनमानसमा रहेको केही भ्रम चिर्न पनि महासंघले यो अभियान सुरु गरेको थापाको भनाई थियो । महासंघका महामन्त्री कलाकार शिवशंकर रिजाल 'जोगिन्दर' ले नेपाली कांग्रेसले कलाकर्मीलाई सधैं माया गरेर साथमा लिएर हिंड्दै आएको स्मरण गर्दै नेपाली जनतामाझ कांग्रेसलाई अझ नजिकबाट चिनाउन विमलराज क्षेत्री लोकतान्त्रिक अभियान महत्त्वपूर्ण हुने चर्चा गरे । नेपाली कांग्रेस महाधिवेशन सदस्य प्रभातमणी ओझाले विमलराज क्षेत्री लोकतान्त्रिक अभियानको नेपाली कांग्रेसका लागि किन महत्त्वपूर्ण भन्ने विषयमा प्रकाश पारे । नेपाल सांस्कृतिक महासंघकी कोषध्याक्ष राधिका हमाल, बागमती प्रदेशका अध्यक्ष राजेन्द्र खत्री, कलाकार प्रभाकर देव शर्मा, मनोज केसी, सुनिल पुरी लगायतको थुप्रै व्यक्तिको उपस्थिति कार्यक्रममा थियो । कार्यक्रममा गायक विमलराज क्षेत्रीले 'विमलराज क्षेत्री लोकतान्त्रिक अभियान' आफूले सानैदेखि देखेको सपना भएको भन्दै अहिले आएर पुरा हुन लागेको बताए । 'मलाई सानैदेखि नेपाली कांग्रेसको चारतारे झण्डा लिएर देशभर सांस्कृतिक अभियान बनाएर घुम्ने रहर थियो । संसारभर पुग्ने रहर थियो', क्षेत्रीले भने 'त्यसको सुरुवात नेपाली सांस्कृतिक महासंघले गर्न लागेको छ । महासंघका सम्पुर्ण कार्यसमिति प्रति हार्दिक आभार व्यक्त गर्दछु ।' नेपाली कांग्रेसको इतिहास र भविष्यले आफूलाई सधैं चिन्तित तुल्याएको बताउने गायक क्षेत्रीले नेपाली कांग्रेसको इतिहास बिस्तारै छोपिंदै गएकोले सबैको जानकारी जनमाझ पुर्याउन आफ्नो अभियान महत्त्वपूर्ण हुने दाबी गरे । 'नेपाली कांग्रेसको बिचार, विकासको हाइवे बेलाबेलामा पहिरो आएर पुरिन्छ', क्षेत्रीले थपे 'नेपाली कांग्रेसको काम अन्यले जस लिने काम भएको छ ।' अभियानमा नेपाली कांग्रेस, जनता सुखदुखका गीतहरू समेत गाउने उनले जानकारी दिए । 'यो लोकतान्त्रिक सांस्कृतिक अभियानले नेपाली जनतालाई कांग्रेससँग अझ नजिकसँग जोड्छ भन्ने विश्वास लिएको छु' उनले थपे । यही माघ २४ गते नेपाली कांग्रेसको केन्द्रीय कार्यालय सानेपामा नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाबाट समुद्घाटन सहित कार्यक्रमको सुरुवात हुनेछ । कार्यक्रम पहिलो चरणमा सातै प्रदेशको एक-एक जिल्लामा सम्पन्न हुनेछ । त्यसपछि अन्य जिल्लामा कार्यक्रम हुनेछ । विभिन्न तामझाम सहित सांगीतिक माहोलमा आयोजना हुने कार्यक्रममा गायक विमलराज क्षेत्रीलाई गायनमा लोकप्रिय लोक गायिका राधिका हमालले साथ दिनेछिन् । कार्यक्रममा कलाकार शिवंकर रिजाल, सुजाना केसी, शिवहरी बैरागी, प्रभाकर शर्मा, ,ऋतु थापा, सन्ध्या सानु, शशी थापा पुन, विष्णु धामी, उमाशंकर जोशी, टिका कुमारी क्षेत्री लगायतको समेत विभिन्न सांगीतिक प्रस्तुति रहनेछ ।

*-रातोपाटी डटकम*

# 'पूर्णबहादुरको सारंगी-२' घोषणा





लचित्र 'पूर्णबहादुरको सारंगी'को सिक्वेल निर्माण हुनेभएको छ । आइतबार काठमाडौंमा आयोजना गरिएको यो चलचित्रको सफलता खुशीयाली कार्यक्रममा निर्माता विनोद पौडेलले सिक्वेल निर्माणको घोषणा गरेका हुन् । चलचित्रको पोष्टर सार्वजनिक सँगसँगै पौडेलले यसअघि नै पोष्टरमाफ र्त् घोषणा भइसकेको फिल्म 'रोल नं १' २०८२ सालमा प्रदर्शन हुने बताउनुभएको थियो । सेभेज सिज सिनेमाको ब्यानरमा बन्न लागेका दुई यी दुई चलचित्रमध्ये 'रोल नं १'लाई जोन योन्जनले निर्देशन गर्दै हुनुहुन्छ भने 'पूर्णबहादुरको सारंगी २'को निर्देशकका बारेमा खुलाइएको छैन । 'सारंगी २'लाई २०८३ सालमा रिलिज गरिने बताइएको छ । चलचित्र सफलताको खुशीयाली कार्यक्रममा विश्वव्यापी ग्रस कलेक्सन रिपोर्ट पनि सार्वजनिक गरिएको थियो । जसअनुरुप फिल्मले नेपालमा ४८ करोड र विदेशमा २७ करोड हाराहारी कमाएको छ । अर्थात् विश्वभरबाट फिल्मले ७५ करोड कमाएको कार्यक्रममा जानकारी गराइएको थियो । नेपाली चलचित्रले नेपाल र विदेशमा जोडेको यो अहिलेसम्मकै उच्च अंक हो । कार्यक्रममा चलचित्रका निर्देशक, कलाकार, प्राविधिकलाई कदरपत्र प्रदान गर्दै चेकसहितको खाम ( बोनस) पनि बाँडिएको थियो । तर, बोनस रकम खुलाइएको थिएन ।

**निर्देशक पौडेलको असन्तुष्टि :** 'पूर्णबहादुरको सारंगी-२' का कथाकार तथा निर्देशक सरोज पौडेलले चलचित्रको सिक्वेल घोषणालाई लिएर असन्तुष्टि व्यक्त गरेका छन् ।

आफूले लेखेको कथालाई अनावश्यक रूपमा तन्काएर कमाइ खाने भाँडा नबनाउन उनको सुझाव छ । उनले आफूसँग कुनै सल्लाह नगरी 'पूर्णबहादुरको सारंगी २' घोषणा गरिएको बताएका छन् । साथै, उहाँले चलचित्रको निर्देशन आफूले नगर्ने पनि प्रष्ट्याएका छन् । 'पूर्णबहादुरको सारंगी' विशुद्ध आफ्नो आइडियामा बनेको पौडेलको भनाइ छ । पौडेलले सामाजिक सञ्जालमा लेखेका छन्, 'पूर्णबहादुरको सारंगी विशुद्ध मेरो स्टोरी, आइडिया र निर्देशनमा बनेको फिल्म थियो, जसलाई दर्शकहरूले अपार माया साथ दिएर ऐतिहासिक बनाइदिनु भएको छ । इतिहास घरीघरी कोर्न सम्भव हुँदैन, त्यही कारण मैले पूर्णबहादुरको सारंगीले कोरेको इतिहासलाई इतिहास नै बनाई सम्मानपूर्वक राखौं, यसलाई कमाइ खाने भाँडो बनाउन खोज्दा आफ्नै हातले बनाएको इतिहास आफैं भत्काउन हुँदैन भन्ने लागेर मैले यो फिल्म दोस्रो भागमा काम गर्दिनँ, सकेसम्म २/३/४/६ बनाउनतिर नलागेर आफ्ना कथाहरू फरक शैलीमा भन्नु पर्दछ, भन्ने मेरो मान्यतालाई नै निरन्तर दिँदैछु,', उनले अगाडि लेखेका छन्, 'मेरो जानकारीबिना मैले सिर्जना गरेका पात्र र मेरो कथालाई तन्काएर व्यापार गर्ने माध्यम नबनोस् । पूर्णबहादुरको सारंगी-२, मैले काम नगरे पनि आवश्यक प्रक्रिया पूरा गरेर अगाडि बढाउनु होला । सारंगी-१ ले स्थापित गरेको गरिमा जोगाउनु होला ।'

*-इहिमालय टाइम्स डटकम*

# फिल्म 'जार' नयाँ वर्षको वैशाखमा प्रदर्शन हुने





चार वर्षअघि निर्माण भएको साहित्यकार इन्द्रबहादुर राईको ऐतिहासिक कथामा आधारित फिल्म 'जार' अब सार्वजनिक प्रदर्शनमा आउने भएको छ । निर्माण कम्पनी फेरी टेल पिक्चर्सले मंगलबार फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै आगामी बैशाख २६ गतेलाई प्रदर्शन मिति घोषणा गरेको छ । फिल्मलाई नेपालमा एप्पल इन्टरटेन्मेन्ट, रिच इन्टरटेन्मेन्ट र एफडी कम्पनीले वितरण गर्नेछन् । सार्वजनिक पोस्टरमा तीन मुख्य पात्र सौगात मल्ल, अनुपबिक्रम शाही र गीताञ्जली थापा क्यारेक्टर लुक्समा प्रस्तुत छन् । गीताञ्जली भावुक मुद्रामा छिन् । सौगात गम्भीर देखिन्छन् । अनुपको अनुहारमा रिसको आवेग छ ।

फिल्मले सम्बन्धको कथा भन्ने पोस्टरले प्रष्ट पार्छ । जार भनेको भागेर अर्को बिहे गरेकी स्त्रीको दोस्रो पतिलाई पहिलो पतिले भन्ने शब्द हो । भारतीय फिल्म उद्योगमा सक्रिय गीताञ्जली भारतीय राष्ट्रिय चलचित्र पुरस्कार विजेता समेत हुन् । 'लायर्स डाइस'बाट उनले उत्कृष्ट अभिनेत्रीको राष्ट्रिय अवार्ड जितेकी थिइन् । उनी अभिनीत फिल्म टोरन्टो, बुसान जस्ता फेस्टिभलमा समेत स्क्रिनिङ भएका छन् । नेटफ्लिक्सको चर्चित सिरिज 'सेक्रेड गेम्स'मा पनि उनले अभिनय गरेकी छिन् । फूर्वा छिरिङ लामाको निर्देशनमा तयार फिल्मको सम्पूर्ण छायांकन सिक्किम क्षेत्रमा गरिएको छ । अधिकांश कलाकार र प्राविधिक टिम भारतबाटै छन् । होप रिल्स, एलए सेभेन सर्ट्स, बराल स्टुडियो र किवा प्रोडक्सनको सहकार्यमा निर्माण भएको फिल्मको कार्यकारी निर्माताहरुमा त्रिलोचन पाण्डे, नीरज राई, नुर्साङ भुटिया, ज्योती क्षेत्री र पेमा रिन्जिङ लेप्चा रहेका छन् । सन् १८ सयको दशकको अन्त्यतिर नेपाली समाजमा घटेको यथार्थ घटनालाई फिल्मले देखाउनेछ । 'जार'को कथामा नाटक समेत मञ्चन भइसकेको छ । सरवानन इलावार्सुको छायांकन रहेको फिल्ममा अखिलेश राईको सम्पादन छ । फिल्ममा झुमा लिम्बु र गंगा थापाको संगीत छ । नेपाल र भारतसहित अन्तर्राष्ट्रिय बजारमा यो फिल्म एकसाथ प्रदर्शनमा आउने निर्माण टिमले बताएको छ ।

*-फिल्मी खबर डटकम*

# पहिलोपटक सँगै फिल्म खेलेका प्रदीप र आना



प्रदीप खड्का र आना शर्मा दुवै नेपाली फिल्मका रूचाइएका कलाकार हुन् । 'प्रेम गीत' बाट चकलेटी अभिनेताका रूपमा चम्केका प्रदीपले एक दर्जन हाराहारी फिल्ममा अभिनय गरिसकेका छन् । 'प्रकाश' र 'पुजार साकी' मा काम गरेपछि उनी राम्रो अभिनय गर्ने कलाकारका रूपमा समेत चिनिन्छन् । यता आना पहिलो फिल्म 'जेरी' बाटै चर्चामा आएकी हुन्, जसमा उनी अभिनेता अनमोल केसीको 'अनस्क्रिन जोडी' बनेकी थिइन् । त्यसयता उनी फिल्म 'ग्याङस्टर ब्लुज' र 'द म्यान फ्रेम काठमाडौं' मा देखिइन् । लगभग एकै समयबाट करिअर सुरू गरेका प्रदीप र आनालाई यसअघि सहकार्यको अवसर जुरेको थिएन । यसपटक 'एक्टर: टेक वान' मा उनीहरूले पहिलोपटक सहकार्य गरेका छन् । यो फिल्म माघ १६ गते बुधबारबाट प्रदर्शनमा आउने तयारीमा छ । यो प्रदीपको ८ महिनापछि रिलिज हुन लागेको फिल्म हो भने आना ५ वर्षभन्दा लामो समयपछि ठूलो पर्दामा देखिन लागेकी हुन् । सेतोपाटी 'कन्भरसेसन' को आजको अंकमा प्रदीप र आनाले सँगै बसेर रिलिजको तयारीमा रहेको फिल्म, आफ्नो करिअर र अनुभवसँगै अभिनयप्रतिको बुझाइ, अन्य रूचि लगायत विषयमा कुराकानी गरेका छन् । कुराकानी क्रममा प्रदीपले सुरूमा एउटै फिल्मले परिचय दिंदा केही वर्षसम्म अभिनय सिक्नुपर्छ भन्ने महसुस नभएको बताए । 'प्रेम गीत रिलिज भएको चार-पाँच वर्षसम्म अभिनय सिक्नुपर्छ भन्ने नै भएन । किनकि चाहिरहेको आइडेन्टिटी पाइरहेको थिएँ,' प्रदीपले भने, 'बिस्तारै महसुस भयो, पाइरहेको आइडेन्टिटी बचाउने हो भने अब मैले अभिनय गर्नुपर्छ । प्रकाश गर्नुको कारण पनि त्यही हो ।' आनाले आफूलाई 'ग्रो' गराएर मात्र थप फिल्म खेल्ने योजनासहित केही वर्ष 'ब्रेक' लिएको बताइन् । यी दुई जनाले अडिसनको विषयमा समेत खुलेर कुरा गरे । प्रदीपले लुक टेस्ट वा अडिसन लिँदा कलाकारले गाह्रो मान्न नहुने बताए । आनाले आफूलाई ग्रामीण पात्रको भूमिकामा प्रस्ताव नआएको बताइन् र भनिन् 'निर्माता, निर्देशकलाई आनाले त्यस्तो क्यारेक्टर गर्न सक्दैन भन्ने लागेर हो किङ्क त्यसो हो भने मेरो अडिसन लिनुस्, म माइन्ड गर्दिनँ केङ्क' प्रदीपले आनाको कुरामा सहमति जनाउँदै फिल्म 'प्रकाश' मा काम गर्दा आफूले अडिसन दिएको खुलाए ।

'अडिसन बोलाउँदा, लुक टेस्ट गर्दा कलाकार रिसाउँदैनन्, रिसाउनु पनि भएन,' उनले भने । कुराकानीमा उनीहरूले एकअर्काको खुलेरै तारिफ गरे । डिसिजन मेकिङबारे आ-आफ्नो अनुभव र बुझाइ सेयर गरे । अब कस्तो-कस्तो फिल्ममा देखिँदैनन्, त्यो पनि बताए ।

*्-सेतोपाटी डटकम*

# आज देशभर सहिदहरुको सम्भनामा दिवस मनाइँदै



**पाल्पा,** माघ १५/देशभर सहिदप्रति सम्मान गर्दै आज सहिद दिवस मनाइँदै छ । देश र जनताको हित र अधिकारका लागि जीवन त्याग गर्ने सहिदप्रति सम्मान गर्दै सहिद दिवस मनाउन लागिएको हो ।

नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन्न नागरिक बनाउन जहानिया राणा शासन, निरङ्कुश पञ्चायती व्यवस्था तथा तानाशाही राजतन्त्रविरुद्ध प्रजातान्त्रिक क्रान्ति एवम् लोकतान्त्रिक जनआन्दोलनहरूमा आफ्नो जीवनको आहुती गरेका वीर सपूतहरूको सम्भनामा प्रत्येक वर्ष सहिद दिवस मनाइँदै आइएको छ । वीर सहिदको स्मरणमा विभिन्न गैरसरकारी सङ्घसंस्थाको पहलमा हरेक वर्ष माघ १० देखि १६ गतेसम्म 'सहिद सप्ताह' मनाइँदै आएको छ । यस वर्ष पनि सहिद सप्ताह मनाइएको छ । वीर सहिद शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द र गङ्गालाल श्रेष्ठको संघर्षमय जीवन र बलिदानको गाथा र प्रजातान्त्रिक आन्दोलनका अन्य योद्धाहरूको योगदानमा बुधबार सहिद दिवस मनाउन लागिएको हो । वि.सं १९९७ साल माघ १० गते शुक्रराज शास्त्रीलाई टेकुस्थित खरीको रुखमा झुण्डाएर तत्कालीन राणा शासकले हत्या गरेका थिए । त्यसको दुई दिन पछि माघ १२ गते सिफलमा धर्मभक्त माथेमालाई र माघ १५ गते दशरथ चन्द ठाकुर र गंगालाल श्रेष्ठलाई शोभा भगवतीमा गोली हानी हत्या गरिएको थियो । देशका विभिन्न समयमा भएका आन्दोलनमा होमिएर राष्ट्रका लागि वीरगति प्राप्त गरेका सहिदको साहस र त्यागको पनि लेखाजोखा र उच्च मूल्याङ्कन गर्दै माघ १६ लाई सहिद दिवशको रुपमा मनाइदै आइएको हो । सहिदलाई प्रत्येक वर्ष माघ १६ गते सम्भने गरे पनि सपना पूरा गर्न हुनुपर्ने जति काम नभएको गुनासो यस अवसरमा हुने गरेको सुनिन्छ । यस दिन हुने औपचारिक कार्यक्रममा जिम्मेवार अधिकारीहरूबाट सहिदको सपना पूरा गर्न लागिपरेको प्रतिबद्धता भने निरन्तर आउने गरेको छ ।

पछिल्लो समय स्पष्ट परिभाषा नगरी सहिद घोषणा गरिएको भनी जनस्तरबाट टिप्पणी हुने गरेको छ । सहिद दिवसको अवसरमा नेपाल सरकारले प्रत्येक वर्ष सार्वजनिक विदा दिने गरेको छ ।

# शैक्षिक सामग्री बनाउन शिक्षकलाई तालिम



**पाल्पा,** माघ १५/जिल्लाको रामपुरमा शैक्षिक सामग्री बनाउन शिक्षकलाई तालिम दिइएको छ । रामपुर नगरपालिकाले नगरभित्रका आधारभूत तहमा अध्यापनरत शिक्षकहरुलाई तालिम दिएको हो ।

यहाँका ६० विद्यालयका प्राथमिक तहमा अध्यापन गराउने शिक्षाकहरुलाई शैक्षिक सामग्री निर्माण सम्बन्धी तालिम दिइएको नगरपालिकाको शिक्षा शाखाले जनाएको छ । कक्षा शिक्षणका क्रममा प्रयोग गरिने विभिन्न शैक्षिक सामग्री निर्माण गर्न प्राथमिक तहका ३० र आधारभूत तह र माध्यमिक तहका ३० जना शिक्षकहरुलाई २/२ दिन गरी ४ दिन सम्म सिप सिकाईएको हो । तालिमको एक कार्यक्रमका बिच समापन गरिएको छ । तालिमको समापन गर्दै रामपुर नगरपालिकाका उपप्रमुख बाल कुमारी थापाले नगरका हरेक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गरी शैक्षिक अवस्थाको स्तरोन्नतीका लागि नगर सरकार प्रतिबद्ध भएर लागेको बताइन् । शैक्षिक सुधार र विकासका लागि बुक फ्रि फ्राईडे लगाएत विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको बताउँदै उनले हरेक विद्यालयमा हुने कक्षा शिक्षणलाई प्रभावकारी बनाउनका लागि तालिमको आयोजना गरिएको उल्लेख गरिन । उनले नगरपालिकाले गरेको लगानी अनुसार कक्षा शिक्षणमा लगानशिलताका साथ अध्यापन गराउन शिक्षकहरुलाई आग्रह गरिन । कार्यक्रममा रामपुर नगरपालिकाका सामाजिका विकास समितिका संयोजक सिमादेवी थापाले तालिममा सिकेका सिपलाई कक्षा शिक्षणको क्रममा पूर्ण रुपमा लागु गर्न आग्रह गरिन् । स्थानीय स्तरमा प्राप्त स्रोत साधनबाट थोरै समय र विना लगानीमा शैक्षिक सामग्री निर्माण गरि राम्रो र रमाईलो वातावरणमा कक्षा शिक्षणका लागि तालिमको आयोजना गरिएको नगर शिक्षा अधिकृत विकल काफ्लेले बताए । कार्यक्रममा बोल्दै व्रिटिस काउन्सियलका प्रशिक्षक मेनुका थापाले प्रभावकारी कक्षा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग महत्वपूर्ण रहेको भन्दै कार्यशालामा सिकेका कुरा व्यवहारमा लागु गर्न आग्रह गरिन । यस्तै सहभागीहरुको तर्फबाट मदरसा नुरुल हुँदा आधारभूत विद्यालयका शिक्षक नजमुन निसाले शैक्षिक सामग्रीको प्रयोगबाट विद्यार्थीहरुलाई सिकाउन सजिलो हुने भन्दै तालिममा सिकेका कुरा व्यवहारमा लागु गर्ने प्रतिबद्धता व्यक्त गरिन् । कार्यक्रमको सहजिकरण व्रिटिस काउन्सियलका प्रशिक्षक मेनुका थापा र सुमिना कुवँरले गरेकी थिइन् । रामपुर आयुर्वेद अस्पतालको योग हलमा भएको कार्यक्रम कक्षा कोठामा प्रयोग हुने सामग्री बनाउने तरिका,यसको व्यवस्थापन, प्रयोग विधि,स्रोत साधनको संकलन, शैक्षिक सामग्रीको प्रस्तुतिकरण कसरी गर्ने लगाएतका विषयमा ज्ञान सिप सिकाईएको थियो । नगरपालिका सामाजिक विकास समितिका संयोजक सिमादेवि थापाको अध्यक्षता, शिक्षा शाखाका प्राविधिक सहायक अनिता कुँवरको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

# मध्यपश्चिमले जित्यो जय नेपाल कपको उपाधि



**काठमाडौं,** माघ १५/भारतको लखनउ विश्वविद्यालयलाई हराउँदै मध्यपश्चिम विश्वविद्यालयले जय नेपाल कप टी-२० क्रिकेटको उपाधि जितेको छ । कीर्तिपुरको त्रिवि क्रिकेट मैदानमा मंङ्गलबार भएको फाइनलमा मध्यपश्चिमले लखनउलाई ५८ रनले हरायो । मध्यपश्चिमले दिएको १ सय ७६ रनको लक्ष्य पछ्याएको लखनउले २० ओभरमा ९ विकेट गुमाएर १ सय १७ रनमात्र बनाउन सक्यो । लखनउका मनन कन्डपालले ५८ रन बनाए । मध्यपश्चिमका दिवान पुनले ३, राजकुमार शाहले २ तथा दिनेश अधिकारी र सुवास भण्डारीले १/१ विकेट लिए । यसअघि टस जितेर ब्याटिङ गरेको मध्यपश्चिमले २० ओभरमा ६ विकेट गुमाएर १ सय ७५ रन बनायो । मध्यपश्चिमका विपिन खत्रीले नटआउट ५९, दिवान पुनले ५८ रन बनाए । लखनउका अभिषेक सोनी, मनन कन्डपाल र हर्ष वर्धनले १/१ विकेट लिए । मध्यपश्चिम विश्वविद्यालयले उपाधिसँगै १५ लाख रुपैयाँ पुरस्कार प्राप्त गरेको छ । उपविजेता बनेको लखनउ विश्वविद्यालयले १० लाख रुपैयाँ पुरस्कार प्राप्त गरेको छ ।

वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

## अर्थ /कर्पोरेट समाचार

# नेप्से सामान्य अङ्कले बढ्यो



**पाल्पा,** माघ १५/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक बढेको छ । मंगलबार नेप्से २४ दशमलव ५० अङ्कले वृद्धि भई दुई हजार छ सय ५७ दशमलव ७७ को बिन्दुमा कायम भएको हो ।

मंगलबार तीन सय २५ कम्पनीको एक करोड ९६ लाख ८० हजार एक सय ९५ कित्ता शेयर ९५ हजार ९७ पटक खरिदबिक्री हुँदा नौ अर्ब ४० करोड २६ लाख ७८ हजार ३३ बराबरको कारोबार भएको छ ।

कारोबारमा सबै समूहको उपसूचक हरियो देखिएको छ । सबैभन्दा धेरै विकास बैंक समूह चार दशमलव ०७ प्रतिशतले बढेको छ । बैंकिङ शून्य दशमलव २२, वित्त एक दशमलव ८८, होटल तथा पर्यटन शून्य दशमलव ६८, जलविद्युत् एक दशमलव ४९ र लगानी समूह एक प्रतिशतले बढेको छ । त्यस्तै, जीवन बीमा शून्य दशमलव ०८, उत्पादन तथा प्रशोधन एक दशमलव २३, लघुवित्त शून्य दशमलव ४८, म्युचुअल फन्ड शून्य दशमलव १२, निर्जीवन बीमा शून्य दशमलव २८, व्यापार शून्य दशमलव २४ र अन्य समूह एक दशमलव ७४ प्रतिशतले बढेको छ । चारवटा कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, सिक्लेस हाईड्रोपावर लिमिटेड, थ्रीस्टार हाईड्रोपावर लिमिटेड र जानकी फाइनान्स कम्पनी लिमिटेडको शेयर मूल्य १० प्रतिशतले बढेको हो । सबैभन्दा धेरै घट्नेमा डोल्टी पावर कम्पनी लिमिटेडको शेयर मूल्यमा आठ दशमलव ४३ प्रतिशतको गिरावट देखिएको छ । कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेडको रू ३८ करोड २१ लाख ३२ हजार एक सय ८७ बराबरको शेयर किनबेच भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा धेरै एनआईसी एसिया ग्रोथ फन्ड-२ को दश लाख तीन हजार तीन सय कित्ता शेयर खरिदबिक्री भएको छ ।

सहिदहरूप्रति सम्मान गरौं

- सहिदहरू राष्ट्रिय गौरव हुन्,
- सहिदहरूको वलिदान र योगदानको स्मरण गरौं,
- सहिदहरूप्रति सम्मान र समर्पण व्यक्त गरौं,
- सहिदहरूको सपना पूरा गर्न इमान्दार नागरिकको भूमिका निर्वाह गरौं,
- देशप्रेम र एकताको भावना जागृत गराऔं,
- सामाजिक सद्भाव, सहिष्णुता र एकता कायम राखौं,
- देश विकासमा सवै नेपालीहरू एकसाथ जुटौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित. कार्यालय:कैलाशनगर-५.तानसेन.पाल्पा.फोन:०७५-५२०६०१.E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९. पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई. सम्पादक: रामचन्द्र रायमाझी. प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई